# लोक सेवा आयोग

## (अन्तर्वार्ता तथा सिफारिश शाखा)

मितिः २०८१।०३।२०

सूचना नं. १६१७/०८०-८१

## उम्मेदवार सिफारिश सम्बन्धी सूचना।

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२४९/०७३-७४ (आ.ज.), नेपाल स्वास्थ्य सेवा, ज.हे.स. समूह, आठौं तह, मेडिकल अधिकृत पदमा आयोगको सूचना नं. ६१५/०७४-७५, मिति २०७४।१०।०४ को सूचना अनुसार नियुक्तिका लागि सिफारिश भएका योग्यताक्रम नं. ८ (आठ), रोल नम्बर १३०१८४ का उम्मेदवार अमनकृष्ण रंजित र योग्यताक्रम नं. १०(दश), रोल नम्बर १३१९९२ का उम्मेदवार विभेष मण्डलको नियुक्ती सम्बन्धी काम कारवाहीहरू कानूनसम्मत नरहेको भनी वैकल्पिक योग्यताक्रम नं. २ (दुई) का उम्मेदवार राजु राना मगर (रोल नम्बर १३१७२५) ले दायर गरेको रिट नं. ०७४-WO-०४७३ (मुद्दा उत्प्रेषणयुक्त परमादेश) को रिट निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट मिति २०८० माघ २३ मा जारी आदेशले विपक्षीहरू अमनकृष्ण रञ्जित र विभेष मण्डललाई उम्मेदवारको रूपमा सहभागी गराई स्थायी नियुक्तिका लागि सिफारिश गर्ने गरी मिति २०७४।१०।०४ को सूचना नं. ६१५/०७४-७५ जारी गरी नियुक्ति दिने समेतको काम कारवाही निजहरूको हकमा सम्म कानूनसंगत रहेको मान्न मिल्ने नदेखिंदा निजहरूका हकमा गरिएको नियुक्ति सिफारिश र नियुक्ति दिने समेतका कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर गरी मिति २०७४।१०।०४ मा भएको सिफारिश सूचीबाट निजहरूको नाम हटाउँदा निवेदक राजु राना मगरको नाम योग्यताक्रममा पर्ने भए विज्ञापित पदमा नियुक्तिका लागि सिफारिश गर्नु र नियुक्ति दिनु दिलाउनु भनी लोक सेवा आयोग, केन्द्रीय कार्यालय र नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा परमादेशको आदेश समेत जारी भएकोले सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम उम्मेदवारहरू अमनकृष्ण रंजित र विभेष मण्डलको दरखास्त फाराम, लिखित परीक्षा र अन्तर्वार्तासमेत रद्द गरी निजहरूको नाम योग्यताक्रम सूचीबाट हटाउने र उक्त फैसला बमोजिम देहायका उम्मेदवारलाई स्थायी नियुक्तिका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिश गर्ने गरी मिति २०८१।०३।१७ मा आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | १३२७२५ | राजु राना मगर | टिकाथली-२, ललितपुर | बलदेव/विष्णुमाया | कुलबहादुर |

२०८१।०३।२० (देवेन्द्र शर्मा)
शाखा अधिकृत

२०८१।०३।२० (योगराज पौडेल)
शाखा अधिकृत

२०८१।०३।२० (कुमारप्रसाद कोइराला)
उपसचिव

कमलपोखरी, काठमाडौं । फोन नं. ०१-४७७१५०५, Website: www.psc.gov.np, Email: info@psc.gov.np